भ्रामक समाचार, हल्ला र अफवाहरुले जसरी जनजिवन अस्त व्यस्त बनाएको थियो, अहिले कोरोना भाईरसको महामारिको अवस्था पनि त्यस्तै छ । हामि सबै मिलेर यसको निराकरणमा महत्वपुर्ण भुमिका खेल्न सक्छौं । यसकालागि हामिले विश्वसनिय एवं स्रोत खुलेका सहि सूचना निर्णायक तहसम्म प्रवाह गर्न सक्छौं ।

**Coronavirus CivActs Campaign (CCC)** ले सरकार, सञ्चार माध्यम, संघसंस्था र आम नागरिक बिचको सूचनाको दुरी कम गर्न देशभरिबाट संकलन गरिएका हल्ला, नागरिकका जिज्ञासा तथा प्रश्नहरु संकलन गरी तथ्य पत्ता लगाएर आम नागरिकलाई सूचित गर्दछ । यसले आम नागरिकका आवश्यकताको पहिचान गर्नुकासाथै हल्लाहरुले कुनै नकारात्मक असर पुऱ्याउनुपुर्व सान्दर्भिक तथ्य आम नागरिक समक्ष प्रवाह गरी जोखिम न्युनिकरण गर्दछ ।




लकडाउनको समयमा मान्छेहरु कालिमाटी तरकारी बजारमा कोरोना भाईरस परिक्षण गर्न लाईनमा बसेर कुर्दै

तस्बिर: प्रबिन रानाभाट




स्रोत: https://covid19.mohp.gov.np/#/

## कोभिड - १९ का लागि केश अनुसन्धान तथा कन्ट्याक्ट खोज पड्ताल टिम

| जम्मा स्थानीय तह | जम्मा टिम संख्या | जम्मा टिममा संलग्न प्राविधिक जनशक्ति |
|---|---|---|
| ७५३ | १,०७५ | ३,२२५ जना |

### टीमले के गर्छ ?

| | | |
|---|---|---|
| केश अनुसन्धान | कन्ट्याक्टमा आएका व्यक्तिहरुको पहिचान | सामान्य परामर्श, फलोअप तथा रेफर |
| नमुना संकलन र द्रुत परिक्षण | तथ्यांक संकलन, विश्लेषण तथा विश्लेषणात्मक प्रतिवेलन | सुपरिवेक्षण तथा अनुगमन |
| सञ्चार, समन्वय र सहकार्य | स्थानीय तहमा सञ्चालित स्वास्थ्य सेवाहरुमा आवश्यक प्राविधिक सहयोग | अन्य सरुवा रोगहरुको प्रकोप व्यवस्थापन |

स्रोत: file:///C:/Users/Envy%20.LAPTOP-G3GSOOUC/Downloads/Final-Approved-Version-CICTT-Guidelines-MoHP-13-May-2020(1).pdf

# हल्ला र तथ्य



लकडाउनको समयमा लक्षित बर्गलाई थप पौष्टिक आहार दिने भन्ने सुनिन्छ । त्यो भनेको के हो ?

कोभिड - १९ प्रभावित क्षेत्रका लक्षित बर्गमा पर्ने ६ देखी ५९ महिना सम्मका बालबालिकाहरुलाई प्रतिदिन १०० ग्राम, गर्भवति, सुत्केरी एवं जेष्ठ नागरिकहरुलाई प्रतिदिन २०० ग्रामका दरले एक महिनासम्मको लागि पोषिलो पिठो (Super Cereal, Wheat Soya Blend or WSB+) वितरण गर्ने भनिएको हो ।

स्रोत: https://mofaga.gov.np/



सरकारले घुम्ती पसल सञ्चालनमा ल्यायो भन्छ, तर खै हाम्रो तिर त कहिलेई आउदैन त ?

साल्ट ट्रेडिङ कर्पोरेशन लिमिटेडबाट ललितपुर, कालीमाटी, सतुंगल, कोटेश्वर, भक्तपुर र बनेपा स्थित विक्रि केन्द्रबाट सञ्चालित घुम्ती सेवा पसल (मोबाईल भ्यान) मार्फत जनघनत्व र उपभोक्ताहरुको माग भएका स्थानहरुलाई प्राथमिकता दिई काठमाण्डौ उपत्यकाका बिभिन्न स्थानहरुमा खाद्यान्न विक्रि वितरण भईरहेको छ ।

स्रोत:https://moics.gov.np/



लकडाउनले गर्दा गर्भवतीलाई नियमित स्वास्थ्य परिक्षण गर्न र खानुपर्ने आईरन चक्की पाउन पनि गाह्रो भयो भन्छन नि ।

वास्थकर्मीको सल्लाह अनुसार कम्तिमा पनि ४ पटक (४, ६, ८ र ९ महिना) गर्भवती जाँच गराउन स्वास्थ्य कार्यालय जानुपर्छ । त्यस्ता महिलाले आईरन फोलिक एसिड चक्कि हरेक दिन खानु पर्दछ र सुत्केरी भएको ४५ दिनसम्म खानु पर्दछ । गर्भवती महिलालाई नियमित परिक्षण गराउने व्यवस्था मिलाउन र स्वास्थ्यकर्मीले गर्भवतीलाई अर्को भेटसम्मलाई पुग्ने गरी र सुत्केरी आमाहरुलाई एकै पटक ४५ चक्कि आईरन फोलिक एसिड दिनु भनेको छ ।

स्रोत: https://mofaga.gov.np/



स्थानीय स्तरमा स्वास्थ्य चौकीले कोरोनाको शंका लागेका बिरामीलाई रिफर गर्ने काममात्र गर्छन भन्छन् ।

अहिले स्वास्थ्य चौकी, जन स्वास्थ्य केन्द्र र प्राथमिक अस्पताललाई त्यहाँ उपलब्ध भएको प्राविधिक जनशक्तिको क्षमता अनुसार शंका लागेका कोरोना भाईरसका बिरामीलाई परामर्श पश्चात नजिकको कोभिड अस्पताललाई परिक्षणको लागि रिफर गर्नु भन्ने निर्देशन भए बमोजिम सो कार्य भएको हो ।

स्रोत: https://drive.google.com/file/d/1Jrg02HTqN-q8KkUESCne35GreQOL199h/view

## सूचनाका स्रोतहरु

नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय कोरोना भाईरस रोग (COVID – 19) सम्बन्धी स्वास्थ्य क्षेत्रको प्रतिकाय

जोन्स् होपकिन्स् कोरोना भाइरस स्रोत केन्द्र

स्वास्थ्य र जनसंख्या मन्त्रालय

कोरोना कोष सञ्चालन निर्देशिका, २०७६


कोभिड(१९ को अवस्थाअ

कृषि तथा पशुपंछी विकास मन्त्रालय

नेपाल श्रम शक्ति सर्वेक्षण

सुरक्षित हुन के गर्ने

प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय



accountabilitylab NEPAL

# मुख्य गन्तव्य राष्ट्रमा रहेका नेपाली कामदार

| देश | नेपाली | संक्रमित | नेपाली संक्रमित |
|---|---|---|---|
| साउदी अरब | ३,५२,६६७ | ४६,८६९ | ६७४ |
| कुवेत | ८२,६३० | ११,९७५ | ७८ |
| बहराईन | २८,२७६ | ६,०६९ | १९५ |
| कतार | ४,३७,००९ | २८,२७२ | १,४०० |
| युएई | २,३१,०८८ | २१,०८४ | ८५ |
| ओमान | ८,२५० | ४,३४१ | |
| मलेसिया | ४,६९,१३१ | ६,८१९ | ४५ |
| दक्षिण कोरिया | ५३,६९१ | ११,०१८ | |



- गन्तव्य राष्ट्रमा संक्रमित नेपाली
- गन्तव्य राष्ट्रमा नेपाली जनसंख्या
- गन्तव्य राष्ट्रमा संक्रमित जनसंख्या

स्रोत: https://who.sprinklr.com/

## ShramikSanjal गन्तव्य राष्ट्रहरूमा श्रमिकको हितमा भएका केही निर्णयहरु

### यु.ए.ई.:

- मार्च १ भन्दा पहिले भिषाको म्याद सकिएर जरिवाना तिर्नुपर्नेहरुका लागि मे १८ देखी ३ महिनासम्म जरीवाना नतिरी आफ्नो देश जान पाउने निर्णय गरेको छ
- सारजाह, अज्मान, रास अल खैमामा ड्राईभिङ स्कुलहरु पुन:सुरु भएका छन्, सुरक्षाका उपायहरु अपनाउदै ड्राईभिङ लाईसेन्सको लागी ट्रायल टेस्ट दिन पाईने छ।
- २१२ जना विदेशी डाक्टरहरुको लागी १० वर्षको भिषा दिने घोषणा गरेको छ।

### कुवेत:

कुवेतले दिएको एम्नेस्टीको प्रयोग गरेर अहिलेसम्म ६९१८ जना आफ्नो देश फर्केका छन। जसमध्ये ईजिप्टका ४,३९० जना, फिलिपिन्स का १,८२१ जना, बंगालादेशी ६२९ जना र ईन्डोनेसियाका ७८ जना रहेका छन्। कुवेत सरकारले श्रमिकहरुलाई आफ्नै बिमान खर्चमा उनिहरुको देशसम्म जाने व्यवस्था मिलाएको भए पनि सम्बन्धीत देशका सरकारले आफ्नो देश फर्किनको लागी सहयोग गरेका छन्।

### कतार:

मास्क नलगाई बाहिर निस्केमा जेल सजायको साथसाथै २ लाख रियालसम्म जरिवाना हुने भएको छ ।

भारतले बिभिन्न देशबाट फिर्ता ल्याएका आफ्ना नागरीकलाई १४ दिन क्वारेन्टाईनमा बस्नको लागी भा.रु. १५,००० र ३०,००० का २ प्रकारका होटलको विकल्प सहितको प्याकेज दिएको छ। नेपाल सरकारको लागी परदेशबाट नेपाली श्रमिक आफ्नो देश ल्याउन यो एउटा राम्रो उदाहरण हुन सक्छ ।

# $ फलो द मनी



जम्मा | खर्च

तिन पटक गरेर नेपाल सरकार
अर्थ मन्त्रालय मार्फत छुट्याईएको
**करिब १ अर्ब ४८ करोड**

कोरोना भाईरस जोखिम नियन्त्रण,
रोकथाम तथा नियन्त्रण कोषमा जम्मा
**करिब २ अर्ब २० करोड**

## संघिय सरकार

कोरोना भाईरस विरुद्धका गतिविधिमा
नेपाल सरकारले गरेको खर्च
स्वास्थ्य मन्त्रालयलाई निकासा
**करिब १ अर्ब ८ करोड**

रक्षा मन्त्रालय मार्फत कोरोना रोकथाम
र नियन्त्रणका लागि चाहिने स्वास्थ्य
उपकरण खरिदको लागि
**२ अर्ब ३४ करोड निकासा**

## दाता

ए.डि.बि.
करिव **७ अर्ब २० करोड**

विश्व बैंक
करिव **३ अर्ब ४८ करोड**

आई.एम.एफ.
करिव **१३ अर्ब ९ करोड**

युरोपियन युनियन
करिव **९ अर्ब ८० करोड**

| प्रदेश | जम्मा रकम | खर्च गरिएको रकम | बाँकी रकम |
|---|---|---|---|
| प्रदेश १ | करिब २८ करोड ९६ लाख | करिब १५ करोड ९ लाख | करिब १३ करोड ८७ लाख |
| प्रदेश २ | ६१ करोड | १७ करोड ७० लाख | ४३ करोड ३० लाख |
| बागमती प्रदेश | ४० करोड | २२ करोड २५ लाख | १७ करोड ७५ लाख |
| गण्डकी प्रदेश | करिब १५ करोड | ९ करोड २० लाख | ५ करोड ८० लाख |
| प्रदेश ५ | २३ करोड ६० लाख | १३ करोड ६० लाख | १० करोड |
| कर्णाली प्रदेश | ५० करोड | १३ करोड २० लाख | ३६ करोड ८० लाख |
| सुदुरपश्चिम प्रदेश | करिब ४० करोड २७ लाख | २० करोड १९ लाख | २० करोड ८ लाख |

नोटः यो विवरण पूर्ण हैन । उपलब्ध माध्यमबाट संग्रह गरी राखिएको हो।
थप सही तथ्यांक संकलन गरी परिमार्जन गर्दै जानेछौं ।

accountabilitylab NEPAL

# कोभिड-१९ प्रतिकार्यमा जवाफदेहिता

विपदमा जहिले पनि सरकारले अभिभावकको भुमिका निर्वाह गर्नुपर्दछ । यो समय जनतालाई सरकारको उपस्थितको महसुस गराउने समय पनि हो । जब संकटमा सरकारले आफ्ना नागरिकप्रतिको जवाफदेहिता गुमाउछ, तब सरकारले नागरिकको विश्वास गुमाउँछ । उदाहरण खोज्न टाढा जानु पर्दैन, २०७२ सालको भूकम्प पश्चातको नेपालको अवस्था यसको ठोस उदाहरण हो । अहिलेको परिस्थिती त्यो भन्दा धेरै फरक छैन । त्यसको लागि सरकार र जिम्मेवार निकायले निम्न १० कुरामा ध्यान दिन जरुरी छ :



१. कोभिड - १९ प्रतिकार्यमा हुने सम्पूर्ण आयव्ययको विवरण सार्वजनिक गर्ने । त्यसको लागि सरकारी सेवामा रहेको अहिलेको निस्कृय जनशक्ति प्रयोग गर्न सकिन्छ ।

२. करिब ६ लाख नेपाली खाडी मुलुकबाट मात्र स्वदेश फर्किन खोजिरहेका छन् । भारतबाट लुकिछिपी आउँदा संक्रमण फैलिने जाखिम त्यतिकै छ । त्यसका लागि क्वारेन्टाईनको क्षमता बृद्धि गरी विदेशमा रहेका नेपालीलाई सुरक्षित स्देश फिर्ता ल्याउने व्यवस्था गर्नु दिगो समाधानको उपाय हो ।

३. स्वास्थ्य सम्बन्धी उपकरण खरिद प्रकृया पारदर्शी र सामानको गुणस्तरियता सुनिशिचत गरी विशिष्ठिकृत निकायबाट किफायती रुपमा गर्नु पर्दछ ।

४. विशेष गरेर जोखिममा रहेका बर्गलाई दैनिक खान बस्नको सुनिश्चितता गर्नु पर्दछ ।

५. राहत वितरणमा हुने अनियमितता रोक्न निगरानी र अनुगमनलाई चुस्त बनाउनु पर्दछ ।

६. सरकारको सूचना संयन्त्रलाई अझै जनमैत्री र प्रविधिमुलक बनाउनु पर्दछ ।

७. संकटको बेला मानव अधिकारका मुद्दाहरु ओझेल पर्ने सम्भावना बढी हुन्छ, त्यसैले सरोकारवाला निकायले सकृय भुमिका निर्वाह गर्नु पर्दछ ।


८. अग्रपंक्तिमा खटिएका जनशक्तिलाई सुरक्षसंगै उचित प्रोत्साहन र सम्मान गर्नु पर्दछ ।

९. कार्यान्यन तहमा नीति र नैतिकताको सन्तुलन गर्नु पर्दछ ।

१०. स्थानीय, प्रदेश र संघिय सरकारको समन्वयात्मक कार्यमा जवाफदेहिता बडाउनु पर्दछ ।

# प्रभावकारी र पारदर्शी कन्ट्याक्ट ट्रेसिङ गर्नु पर्दछ

## समुदाय स्तरमा कोभिड - १९ को संक्रमण फैलिएका जिल्लाहरु




माथिको ग्राफले अहिलेसम्म नेपालका ९ वटा जिल्लामा समुदाय स्तरमा कोभिड - १९ को संक्रमण फैलिएको देखाउँछ । समुदाय स्तरमा पहिलो संक्रमण कैलाली जिल्लामा फैलिएको भएता पनि अहिले त्यहाँका संक्रमित सबै पूर्णरुपमा सञ्चो भएर घर फर्किसकेकाछन् । समुदाय स्तरमा फैलिने संक्रमणलाई बढी जोखिमपूर्ण मानिन्छ । यदी प्रभावकारी रुपमा कन्ट्याक्ट ट्रेसिङ गर्न सकिएन भने यो भाईरस तिब्र गतिमा फैलिदै जान्छ । नेपालको सन्दर्भमा कन्ट्याक्ट ट्रेसिङ त्यती सन्तोषजनक भएको देखिदैन, यसमा विशेष ध्यान दिन जरुरी छ ।

यो अंकमा समेटिएका हल्ला, सवाल तथा सूचनाहरु, बिभिन्न संस्था तथा व्यक्ति, नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र विश्व स्वास्थ्य संगठनको वेब पेज, सामाजिक सञ्जाल, र सिभिक एक्सन टिमले यहि अप्रिल महिना भित्र २००० भन्दा बढी व्यक्तिसंगको संवादबाट संकलन गरिएका हुन् । विषयको महत्व, सान्दर्भिकता र तीव्रतालाई ध्यान दिएर हल्ला, सवाल तथा जिज्ञासाहरु छनोट गरीएका छन् । यो अंकमा समेटिएका जानकारी बुलेटिन प्रकाशित भएको मिति सम्म सत्य छन् ।

**Coronavirus CivActs Campaign** is brought to you by **Accountability Lab Nepal**.

accountabilitylab communities

CivActs | Email: civactsnp@accountabilitylab.org | Phone: 9851203219